नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
सिंहदरबार, काठमाडौं
(मानव संसाधन योजना शाखा)

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- २०८२।८३
चलानी नं:- १६१

मितिः २०८२/७/९

श्री सेवा, समूह, उपसमूह सञ्चालन गर्ने मन्त्रालयहरु सवै,
श्री महालेखा परीक्षकको कार्यालय,
श्री महालेखा नियन्त्रक कार्यालय,

**विषयः माग आकृति फाराम पठाउने सम्बन्धमा ।**

लोक सेवा आयोगको स्वीकृत वार्षिक कार्यतालिका अनुसार आ.व. २०८२/८३ मा रिक्त निजामती सेवाका पदहरुको पूर्ति गर्ने प्रयोजनका लागि तहाँ मन्त्रालय /निकायले सञ्चालन गर्ने सेवा, समूह, उपसमूह अन्तर्गत विभिन्न निकायमा रहेका रा.प. तृतीय श्रेणी (प्राविधिक/अप्राविधिक)का रिक्त पदहरुको विवरण खुल्ने माग आकृति फाराम तपसिल अनुसारको ढाँचामा भरी पछिसम्म फरक नपर्ने गरी मिति २०८२ कार्तिक १६ गते भित्र उपलब्ध गराई दिनुहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८२/७/९ को निर्णयानुसार अनुरोध छ। साथै, यसरी माग आकृति फाराम पठाउँदा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता भएका पदहरुलाई मात्र समावेश गर्न र किताबखानाको अद्यावधिक विवरणसँग भिडाउन एवम् आफ्नो सेवा समूह उपसमूहका पदहरु अन्य निकायमा कार्यरत रहेको भए सो समेत समावेश गरी मन्त्रालयको इमेल ठेगाना hrd.mofaga@gmail.com मार्फत समेत अनिवार्य रुपमा पठाउनु हुन अनुरोध छ ।

**तपसिलः**

| क्र.सं | सेवा | समूह/ उपसमूह | श्रेणी | पद | कुल स्वीकृत दरबन्दी | कार्यरत संख्या | रिक्त संख्या | | | जम्मा रिक्त पद | माग संख्या | अवकाश, राजीनामा, कारवाहीमा परी रिक्त हुनेहरुको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बढुवा | अवकाश | अन्य | | | नाम थर | मिति | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | | | | | | | | | | | | |

**संलग्न गर्नु पर्ने कागजातहरुः**

- पद रिक्त भएको कारण सम्बन्धी प्रमाणित कागजात (अवकाश पत्र, बढुवा/नियुक्ति पत्र, दरबन्दी सृजनाको निर्णय, राजीनमा स्वीकृतिको पत्र र पद दर्ताको प्रमाण पत्र)
- निजामती सेवा ऐन, २०४९ को दफा ७(क) को उपदफा (३) बमोजिम चालु आ.व. मा अवकाश तथा बढुवाबाट रिक्त हुने पदको समेत गणना गरी मग आकृति फारम पठाउँदा सोको पुष्ट्याईंका आधार र प्रमाणित गर्ने सम्पूर्ण कागजातहरु।
- विवरण भिडान गरी रिक्त पद यकिन गर्न कार्यरत कर्मचारीको नामावली र स्वीकृत दरबान्दी तेरिज।

*नोटः माग आकृति तयारी सम्बन्धी कार्यविधि, २०७७ का व्यवस्थाहरुलाई दृष्टिगत गरी निर्धारित समयमानै माग आकृति फाराम पठाउनु हुन। नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम सेवा, समूह, उपसमूह सञ्चालन गर्ने मन्त्रालयको सूची यसै साथ संलग्न छ।*

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा, सं.मा. तथा सा.प्र.मन्त्रालयः मन्त्रालयको वेबसाइटमा पत्र अपलोड गरिदिनुहुन तथा सेवा/समूह सञ्चालन गर्ने सवै मन्त्रालयमा इमेल समेत गरिदिनु हुन।

२०८२।०६।०९
(सुमन खड्का)
शाखा अधिकृत

| नेपाल सरकार कार्यविभाजन नियमावली तथा विभिन्न सेवा समूह गठन नियमहरु बमोजिम सेवा समूह सञ्चालन गर्ने निकायहरु | | |
|---|---|---|
| क्र.सं. | मन्त्रालय | संञ्चालन गर्ने सेवा |
| १ | अर्थ मन्त्रालय | नेपाल लेखापरीक्षण सेवा र<br>नेपाल प्रशासन सेवा / राजश्व समूह |
| २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल इन्जिनियरिङ्ग सेवा/माइनिङ्, केमिकल, मेटालर्जिकल, मेट्रोलजी, जियोलजी र केमेष्ट्री समूह |
| ३ | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | नेपाल इन्जिनियरिङ्ग सेवा/इलेक्ट्रिकल इन्जिनियरिङ्, मेकानिकल इन्जिनियरिङ, मेटेरियोलजी, एगृ इरिगेशन इन्जिनियरिङ् समूह<br>नेपाल इन्जिनियरिकङ् सेवा/सिभिल इन्जिनियरिङ समूह/ इरिगेशन, हाइड्रोपावर, हाइड्रोलजी उपसमूह |
| ४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि सेवा |
| ५ | खानेपानी मन्त्रालय | नेपाल इन्जिनियरिङ सेवा/सिभिल इन्जिनियरिङ् समूह/स्यानेटरी उपसमूह |
| ६ | परराष्ट्र मन्त्रालय | नेपाल परराष्ट्र सेवा |
| ७ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल इन्जिनियरिङ/सर्भे समूह |
| ८ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल इन्जिनियरिङ/सिभिल इन्जिनियरिङ् समूह/ हाइवे र रेलवे उपसमूह |
| ९ | वन तथा वातावरण मन्त्रालय | नेपाल वन सेवा |
| १० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल शिक्षा सेवा (आर्कियीलजी समूह बाहेक) |
| ११ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल शिक्षा सेवा/आर्कियीलजी समूह<br>नेपाल इन्जिनियरिङ सेवा/सिभिल इन्जिनियरिङ समूह/एअरपोर्ट उपसमूह<br>नेपाल इन्जिनियरिङ सेवा/एरोनटिकल समूह<br>नेपाल इन्जिनियरिङ सेवा/सिभिल एभिएसन अपरेसन एण्ड इन्जिनियरिङ्ग समूह |
| १२ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल प्रशासन सेवा<br>नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा<br>नेपाल विविध सेवा<br>नेपला इन्जिनियरिङ् सेवा/सिभिल इन्जिनियरिङ्ग समूह/जनरल उपसमूह |
| १३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल इन्जिनियरिङ् सेवा/इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ समूह |
| १४ | शहरी विकास मन्त्रालय | नेपाल इन्जिनियरिङ् सेवा/सिभिल इन्जिनियरिङ समूह/बिल्डिङ एण्ड आर्किटेक्ट उपसमूह |
| १५ | महालेखा नियन्त्रक कार्यालय | नेपाल प्रशासन सेवा/लेखा समूह |